

स्थिति पत्र

नेपालका सबै युवाका लागि

# बृहत् यौनिकता शिक्षाको प्रावधान

RIGHT HERE RIGHT NOW

Visible Impact

यो स्थिति पत्र राइट हियर, राइट नाउ[i] सञ्जालको प्राविधिक सहयोगमा प्रकाशन गरिएको छ । राइट हियर, राइट नाउ नेपालका युवाले नेतृत्व गरेका तथा युवासँग काम गरिरहेका १५ वटा समान उद्देश्य भएका संस्थाहरूबीचको रणनीतिक साझेदारी हो । यो साझेदारी मार्फत् यी संस्थाहरूले यौन तथा प्रजनन् स्वास्थ्यमा युवाको सुधारिएको अवस्थाका लागि तीनवटा विषयगत क्षेत्रहरूमा – उमेर उपयुक्त बृहत् यौनिकता शिक्षा, वैवाहिक समानताको कानूनी मान्यता, तथा लाञ्छनारहित, युवामैत्री सुरक्षित गर्भपतन सेवामा पैरवी गरिरहेका छन् ।

भिजिबल इम्प्याक्ट राइट हियर, राइट नाउको एक साझेदार संस्था हो । युवा महिलाले नेतृत्व गरेको यो संस्थाले प्रत्येक महिला, प्रत्येक किशोरी तथा प्रत्येक युवाको जीवनमा मानव केन्द्रित पद्धतिमार्फत किशोरी, महिला तथा युवाको सामाजिक तथा आर्थिक नेतृत्वलाई उजागर गर्दै देखिने प्रभाव ल्याउने लक्ष्य लिएको छ ।

**यो परियोजनालाई राइट हियर राइट नाउ साझेदारीलाई नेदरल्यान्डको परराष्ट्र मामिला मन्त्रालयले आर्थिक सहयोग प्रदान गरेको छ ।**

**दोस्रो संस्करणको लागी सम्पादकहरु :**
मेधा शर्मा
लक्ष्मण भट्टराई

**सर्वाधिकार सुरक्षित**
प्रथम संस्करण (१००० प्रतिलिपि), जून २०१८
दोस्रो संस्करण (६०० प्रतिलिपि), मार्च २०२०

**डिजाइन:** सौरभ थापा श्रेष्ठ

**भिजिबल इम्प्याक्ट**
२१२/४८ धापासी मार्ग, बसुन्धरा । ०१–४०१६५६३
mail.visim@gmail.com | www.visim.org

**सचिवालय: युवा**

**राइट हियर राइट नाउ**
३१० कृष्ण धारा मार्ग, महाराजगञ्ज
01-4419489, 01-4418747 info@yuwa.org.np || www.yuwa.org.np

[i] युवा संस्था सञ्जाल (आयोन), बियोन्ड बेइजिङ्ग कमिटी (बिबिसी), निल हिरा समाज (बिडिएस्), सिडिएस पार्क–मुगु, नेपाल परिवार नियोजन संघ, यौनिक तथा लैङ्गिक अल्पसंख्यक महासंघ, नेपाल, मानव विकास तथा वातावरण संरक्षण मञ्च (हुडेप), तान नेपाल, रेस्ट्लेस् डेभ्लप्मेन्ट, ग्रामीण महिला सञ्जाल नेपाल (रूवोन), भिजिबल इम्प्याक्ट, युथ एक्सन नेपाल, युवा विकास केन्द्र, युवा, युवालय

# विषयक्रम


कृतज्ञता २

सारांश ३

आव्हान ४

प्रत्येक युवालाई विद्यालयमा उमेर उपयुक्त बृहत् यौनिकता शिक्षा अध्यापन गराउनुपर्ने ५

बृहत् यौनिकता शिक्षाको पाठ्यक्रम प्रभावकारी रूपमा पढाउनका लागि शिक्षकहरूको क्षमता विकास गर्ने र अनुगमन संयन्त्रहरूलाई सुदृढीकरण गरेर अनुगमन गरिनुपर्ने ७

विद्यालयभन्दा बाहिर रहेका प्रत्येक युवाहरूलाई उमेर- उपयुक्त बृहत् यौनिकता शिक्षा प्रदान गरिनुपर्ने ८

सन्दर्भ सामग्री ११

# कृतज्ञता

यो स्थिति पत्र राइट हियर, राइट नाउ नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा तयार पारिएको हो । हामी राइट हियर, राइट नाउका सबै सदस्य संस्था र विशेषगरी साझेदारीको बृहत् यौनिकता शिक्षा विषयका विषयगत समूहका सदस्यहरूप्रति उहाँहरूले गर्नुभएको अमूल्य सहयोगका लागि धन्यवाद ज्ञापन गर्न चाहन्छौँ ।

हामी राइट हिअर, राइट नाउका राष्ट्रिय संयोजक श्री राजेन्द्र महर्जन साथ साथै भूतपूर्व राष्ट्रिय संयोजक श्री कमल गौतमले प्रदान गरिदिनु भएको विज्ञहरूसँगको सम्पर्क तथा सञ्जाल र यो स्थिति पत्र तयार पार्ने सम्पूर्ण समयावधिमा प्रदान गर्नु भएको मार्गदर्शनका लागि आभार व्यक्त गर्न चाहन्छौँ। त्यसैगरी, एशियन प्यासेफिक रिसर्च एण्ड रिसोर्स सेन्टर फर वुमेन (ARROW) की सम्रिन शाहबाजलाई यो स्थिति पत्रको तर्जुमा दौरान प्रदान गर्नुभएको मार्गनिर्देशन तथा पृष्ठपोषणका लागि धन्यवाद दिन चाहन्छौँ ।

हामी काठमाण्डौ जिल्लाका सहायक जिल्ला शिक्षा अधिकारी श्री देवी रञ्जन हुमागाँई, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (CTEVT)की लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण संयोजक श्री शोभा खनाल र अनौपचारिक शिक्षा आयोगका सूचना अधिकारी श्री दिनेश घिमिरेलाई पनि धन्यवाद ज्ञापन गर्न चाहन्छौँ ।

विशेष धन्यवाद, नेपाल तथा विश्वभरी उमेर उपयुक्त बृहत् यौनिकता शिक्षाका लागि पैरवी गरिरहेका सम्पूर्णमा ।

लेखकद्वय

# सारांश

यो स्थिति पत्रको उद्देश्य युवाका लागि बृहत् यौनिकता शिक्षामा विद्यमान् रहेका कमजोरीहरूलाई सम्बोधन गर्दै बृहत् यौनिकता शिक्षाको महत्वलाई उजागर गर्ने र सरकारलाई यी आवश्यकताहरू पूरा गर्ने र अन्य सरोकारवालाहरूलाई सरकारलाई सहयोग गर्ने आव्हान गर्ने रहेको छ । यो पत्रले बृहत् यौनिकता शिक्षाका सबै अभियन्ता तथा अधिकारकर्मीहरूका लागि प्रमाणमा आधारित पैरवी गर्नको लागि सहयोग गर्नेछ ।

युवालाई बृहत् यौनिकता शिक्षाको अध्यापन गराइनु पर्दछ भन्ने कुरालाई प्रकाश पार्ने प्रशस्तै सामग्रीहरू प्रकाशित भएको पाइन्छ, र बृहत् यौनिकता शिक्षालाई विद्यालयको पाठ्यक्रममा समावेश गरिएको खण्डमा सो पाठ्यक्रम अध्ययन गर्ने व्यक्तिको जीवनको गुणस्तर जीवनभरीका लागि सुधार हुने जस्ता प्रतिफलहरू हाम्रो सामु रहेका छन् । सन् २०१३ मा विद्यालयको पाठ्यक्रममा यौनिकता शिक्षाको शुरूवात आफैँमा एक ठूलो उपलब्धि हो र त्यसपछि पनि विभिन्न चरणमा संसोधन भई आएको छ तर अझै पनि विभिन्न संरचनागत तथा कार्यान्वयनको तहमा चुनौतिहरू छन् – पाठ्यक्रमको धेरै हिस्सा कक्षा ९ मा हुनु जहाँसम्म आइपुग्दा विद्यार्थीहरूले यी कुराहरू अन्य स्रोतबाट नै थाहा पाइसकेका हुन्छन्, पाठ्यक्रम यौन तथा प्रजनन् स्वास्थ्यमा धेरै र अधिकारमा कम केन्द्रित हुनु, पाठ्यक्रमका विषयवस्तुलाई सही तरिकाले अध्यापन गराउने क्षमताको शिक्षकहरूमा कमी हुनु, बृहत् यौनिकता शिक्षाका सत्रहरूको सञ्चालनको गुणस्तरलाई मापन तथा मूल्याङ्कन गर्ने अनुगमन संरचनाको अभाव तथा सबैभन्दा जोखिममा रहेका विद्यालय बाहिर रहेका बालबालिकालाई पछाडि पारिनु ।

तसर्थ, देहाय बमोजिमका कार्यहरू तत्काल कार्यान्वयन गर्नका लागि आव्हान गरिएको छः

- विद्यमान पाठ्यक्रम प्रगतिशील भएता पनि, त्यसमा तत्कालै सम्बोधन गरिनु पर्ने कमजोरीहरू रहेका छन् । हामी पाठ्यक्रम विकास केन्द्रलाई युनेस्को, यौनिकता शिक्षाका लागि अन्तर्राष्ट्रिय प्राविधिक मार्गनिर्देशन (ITGSE)को निर्देशिका बमोजिम पाठ्यक्रम उमेर उपयुक्त तथा वृहत हुने गरी यी कमजोरीहरूलाई सम्बोधन गर्न आग्रह गर्दछौं । हाल कार्यान्वयनमा रहेको कक्षा ६–१० सम्मको पाठ्यक्रम बाहेक, कक्षा १ देखि ३ र कक्षा ११ र १२ का विद्यार्थीसमेतलाई समेट्ने गरी पाठ्यक्रमको विस्तार गरिनु पर्दछ ।
- बृहत् यौनिकता शिक्षाको प्रभावकारी अध्यापनका लागि शिक्षकको तालिम अति नै आवश्यक हुन्छ । वास्तवमा, उमेर उपयुक्त बृहत् यौनिकता शिक्षाको अध्यापनका लागि शिक्षकको क्षमता अभिवृद्धिले विद्यार्थीको जीवन उपयोगी सीपको विकासमा सहयोग पुग्ने गरेको प्रमाणित भएको छ । तसर्थ, हामी सरकारको मातहतमा रहेका सबै तहमा सशक्त शिक्षक तालिमका कार्यान्वयनमा जोड दिन्छौं ।
- विद्यालयभन्दा बाहिर रहेका बालबालिकाको हकमा बृहत् यौनिकता शिक्षा प्रदान गर्ने वैकल्पिक शिक्षा विधि पनि अपनाउनु पर्दछ । विद्यालयभन्दा बाहिर रहेका बालबालिकाको लागि विशेष रूपले पाठ्यक्रम तत्कालै तयार पारिनु तथा कार्यान्वयन गरिनुपर्दछ ।

# आव्हान

–

हामी, यस साझेदारीका सदस्यहरू, सबै तहमा रहेका हाम्रो सरकार तथा सम्बद्ध निकायहरू – स्वास्थ्य मन्त्रालय, शिक्षा मन्त्रालय, युवा मन्त्रालय, शिक्षा तथा मानव श्रोत विकास केन्द्र, शिक्षा विभाग, पाठ्यक्रम विकास केन्द्र, युवा परिषद् समक्ष निम्न मागहरू पूरा गर्न र युवा अभियन्ता, नागरिक समाज, सञ्चार माध्यम तथा युवाहरूलाई सरकारलाई निम्न कुरामा सहयोग गर्न अपिल गर्दछौं:

–

# १) प्रत्येक युवालाई विद्यालयमा उमेर उपयुक्त बृहत् यौनिकता शिक्षा अध्यापन गराउनुपर्ने

## अवस्था विश्लेषण

युवालाई बृहत् यौनिकता शिक्षाको अध्यापन गराइनु पर्दछ भन्ने कुरालाई प्रकाश पार्ने प्रशस्तै सामग्रीहरू प्रकाशित भएको पाइन्छ, र बृहत् यौनिकता शिक्षालाई विद्यालयको पाठ्यक्रममा समावेश गरिएको खण्डमा सो पाठ्यक्रम अध्ययन गर्ने व्यक्तिको जीवनको गुणस्तर जीवनभरिका लागि सुधार हुने जस्ता प्रतिफलहरू हाम्रो सामु रहेका छन् । विश्व बैंकको तथ्याङ्कअनुसार, यूरोपियन मुलुकहरूमा किशोरावस्थामा गर्भवती हुने दर सबैभन्दा कम रहेको छ र यसको श्रेय यौन शिक्षा प्रतिको प्रगतिशील पद्धतिलाई दिइएको छ ।[१]

यौन शिक्षा नेपालको विद्यालयको कक्षा ९ र १०को पाठ्यक्रममा एक अनिवार्य पाठको रूपमा वातावरण, जनसंख्या तथा स्वास्थ्य विषय अन्तर्गत सन् २००३ देखि विधिवत् रूपमा प्रारम्भ भएको हो । यो आफैँमा एककोशेढुङ्गा हुँदाहुँदै पनि यी पाठहरू सघन तथा उमेर उपयुक्त थिएनन् । पाठ्यक्रमलाई उमेर उपयुक्त तथा बृहत् बनाउनेतर्फ उन्मुख नागरिक समाजको एक दशकभन्दा लामो पैरवीको कारण सन् २०१३ मा पाठ्यक्रमा परिमार्जन भएर कक्षा ६, ७ र ८ लाई समेत हाल समेटिएको छ ।[२]

यद्यपि, अहिलेको पाठ्यक्रमसँग जोडिएका धेरै संरचनागत तथा कार्यान्वयनसँग सम्बन्धित चुनौतिहरू रहेका छन् । पाठ्यक्रम अझै पनि उमेर उपयुक्त छैन, र पाठ्यक्रमको ठूलो हिस्सा कक्षा ९ मा राखिएको छ । कक्षा ९ सम्म आइपुग्दा विद्यार्थीहरूले यी कुराहरू अन्य स्रोतबाट नै थाहा पाइसकेका हुन्छन् वा अनुभवी भईसकेका हुन्छन्, उदाहरणः महिनावारी । पाठ्यक्रमले यौन शिक्षा र यौन तथा प्रजनन् स्वास्थ्य अधिकारमा आधारित जीवन उपयोगी सीपको पक्षभन्दा प्रजनन् स्वास्थ्यमा धेरै नै जोड दिएको छ । साथै, यसले थप जानकारीका लागि कहाँ जानेभन्ने कुरा आवश्यकताअनुसार उल्लेख गरेको छैन भने यो पाठ्यक्रमले घरमा अभिभावक वा आफ्ना दाजुभाइ–दिदीबहिनीसँग यौन तथा प्रजनन् स्वास्थ्य तथा अधिकारका विषयमा छलफल गर्न प्रेरित गरेको पाइँदैन । सार्वजनिक विद्यालयहरूले प्रायः पाठ्यक्रमभन्दा बाहिर गएर अध्यापन गराउँदैनन् भने केही निजी विद्यालयहरूले पाठ्यक्रममा नसमेटिएका विषयवस्तुलाई पनि समेट्न विभिन्न प्रयासहरू गरेको पाइयो । इन्टरन्याश्नल प्लाण्ड पेरेन्टहुड फेडेरेशन (IPPF)ले सन् २०१६/१७ मा गरेको एक अध्ययनअनुसार, सेवाप्रदायक तथा युवाहरूले थप बृहत्, सान्दर्भिक, अझ गहन सुझाव तथा सूचनासम्मको पहुँचको आवश्यकता रहेको कुरामा जोड दिएका थिए ।[३]

बृहत् यौनिकता शिक्षा भनेको यौनिकताको संज्ञानात्मक, भावनात्मक, भौतिक र सामाजिक पक्षकोबारेमा पढाउने र सिकाउने पाठ्यक्रम

**बृहत् यौनिकता शिक्षा भनेको यौनिकताको संज्ञानात्मक, भावनात्मक, भौतिक र सामाजिक पक्षकोबारेमा पढाउने र सिकाउने पाठ्यक्रम आधारित प्रक्रिया हो । यसले बालबालिका तथा किशोर किशोरीहरुलाई आफ्नो स्वास्थ्य, कल्याण र गरिमा महसुस गर्न, सम्मानजनक सामाजिक तथा यौनिक सम्बन्ध विकास गर्न, आफ्नो छनौटले कसरी आफ्नै तथा अरुको कल्याणलाई असर गर्छ भनेर विचार गर्न तथा जीवन भर आफ्नो अधिकारको संरक्षणकोबारे बुझ्न र सुनिश्चित गर्न आवश्यक जानकारी, शीप, मनोवृती र मूल्यबारे सबलिकरण गर्ने लक्ष्य लिएको छ । (यौनिकता शिक्षाका लागि अन्तर्राष्ट्रिय प्राविधिक मार्गनिर्देशन)**

आधारित प्रक्रिया हो । यसले बालबालिका तथा किशोर-किशोरीहरूलाई आफ्नो स्वास्थ्य, कल्याण र गरिमा महसुस गर्न, सम्मानजनक सामाजिक तथा यौनिक सम्बन्ध विकास गर्न, आफ्नो छनौटले कसरी आफ्नै तथा अरूको कल्याणलाई असर गर्छ भनेर विचार गर्न तथा जीवन भर आफ्नो अधिकार को संरक्षणकोबारे बुझ्न र सुनिश्चित गर्न आवश्यक जानकारी, शीप, मनोवृती र मूल्यबारे सबलिकरण गर्ने लक्ष्य लिएको छ । (यौनिकता शिक्षाका लागि अन्तर्राष्ट्रिय प्राविधिक मार्गनिर्देशन)

वातावरण, जनसङ्ख्या र स्वास्थ्य विषयलाई कक्षा ९ र १०को लागि बैकल्पिक विषय बनाइने भनेर घोषणा गरिएको छ । यसले गर्दा विद्यार्थीका आमबाबुले प्राविधिक विषयहरूको लागि जोड दिन सक्छन् र यौन तथा प्रजनन् स्वास्थ्यबारे ज्ञान दिने बिषय रोज्न विद्यार्थीहरू लाज मान्न सक्ने हुँदा सो बिषय नरोज्न सक्छन् ।[४]

संयुक्त राष्ट्रसंघीय जनसंख्याकोष (यूएनएफपिए)ले गठन गरेको बृहत् यौनिकता शिक्षा प्राविधिक कार्य समिति, नेपाल परिवार नियोजन संघले गठन गरेको बृहत् यौनिकता शिक्षा पैरवी समूह र राइट हियर, राइट नाउ जस्ता साझेदारीहरूबाट नागरिक समाजले कक्षा ३ देखि कक्षा १२ सम्मका लागि विद्यालय तहमा बृहत् यौनिकता शिक्षाका लागि पैरवी गरिरहेको छ । पारिवारिक जीवन उपयोगी शिक्षा, जनसंख्या शिक्षा, यौन तथा सम्बन्ध शिक्षा, यौन तथा प्रजनन् स्वास्थ्य शिक्षा, जीवन उपयोगी सीपसम्बन्धी शिक्षा र यौनिकतासम्बन्धी शिक्षा गरी ६ वटा पक्षहरूलाई ६ वटा विषयमा - विज्ञान, नैतिक शिक्षा, सामाजिक शिक्षा, स्वास्थ्य तथा शारीरिक शिक्षा, र वातावरण, जनसंख्या तथा स्वास्थ्य विषयमा समावेश गर्ने माग रहेको छ ।

यद्यपि, सबैभन्दा ठूलो चुनौति भनेको पाठ्यक्रम प्रत्येक पाँच वर्षमा मात्रै परिमार्जन गरिन्छ र युवाहरूको यौनिकता तथा यौन तथा प्रजनन् स्वास्थ्यसँग जोडिएका उदयीमान विषयहरू छुट्न सक्ने सम्भावना रहन्छ ।

नेपाल जनसंख्या तथा विकाससम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन (आइसिपिडि)को पक्ष राष्ट्र हो र नेपालले यो सम्मेलनलाई सक्रिय रूपमा समर्थन गर्दै आएको छ । नेपालले सन् २०१४ पछिको आइसिपिडिको समीक्षा दस्तावेजलाई अनुमोदन गरेको छ र यो दस्तावेजमा बृहत् यौनिकता शिक्षाको आवश्यकतालाई प्रकाश पारिएको छ ।[५] यसर्थ, नीति निर्माताहरूले अन्तर्राष्ट्रिय तहमा गरेको प्रतिबद्धतालाई पूरा गर्नु वाञ्छनीय हुन्छ ।

हालै सम्पन्न नैरोबी सम्मेलनमा नेपालले बृहत् यौनिकता शिक्षा र किशोर-किशोरी मैत्री सेवाको विस्तार गर्दै युवाहरूले आफ्नो प्रजनन् अधिकार उपयोग गर्न सक्ने सुनिश्चितता गर्नको लागि उनीहरूको स्वास्थ्य र कल्याण गर्ने प्रतिबद्धता जाहेर गरेको छ ।[६]

युवाहरूको यौन तथा प्रजनन् स्वास्थ्य तथा अधिकारलाई पर्याप्त मात्रामा सम्बोधन गरिएको सुनिश्चित गर्नका लागि विद्यालयहरूमा उमेर उपयुक्त बृहत् यौनिकता शिक्षा प्रदान गर्न जरूरी रहेको अवस्था छ ।

### आव्हान

हालको पाठ्यक्रम प्रगतिशील भएको भएता पनि, यसमा केही कमी तथा कमजोरीहरू छन् जसलाई तुरून्त समाधान गर्नु आवश्यक छ । हामी पाठ्यक्रम विकास केन्द्रलाई यी कमीकमजोरीहरूलाई तुरून्त सम्बोधन गरी यूनेस्कोको मार्गनिर्देशिका अनुसार पाठ्यक्रमलाई बृहत र उमेर उपयुक्त बनाउन आग्रह गर्दछौं । हाल कक्षा ६ देखि १० सम्म रहेको यस पाठ्यक्रमलाई कक्षा ३ देखि ५ र कक्षा ११ र १२ का विद्यार्थीहरूलाई पनि समावेश गर्ने गरी विस्तार गरिनुपर्दछ ।

# २. बृहत यौनिकता शिक्षाको पाठ्यक्रम प्रभावकारी रुपमा पढाउनका लागि शिक्षकहरुको क्षमता विकास गर्ने र अनुगमन संयन्त्रहरुलाई सुदृढीकरण गरेर अनुगमन गरिनुपर्ने

## अवस्था विश्लेषण

यौनिकता शिक्षा विद्यालयमा अनिवार्य विषय भएता पनि प्रायः जसो शिक्षकहरूसँग युवाहरूलाई आफ्नो यौन स्वास्थ्य तथा जीवनकाबारेमा सुसूचित छनौट गर्नका लागि आवश्यक पर्ने जानकारी प्रदान गर्नका लागि पर्याप्त क्षमता हुँदैन। केही विद्यालयहरूले यौन शिक्षाले फाइदा भन्दा हानी बढी गर्ने तर्क पनि गर्ने गरेका छन्। उनीहरूका अनुसार बालबालिकाहरूमा कुनै कुराको अन्वेषण गर्ने र आफ्नै शरीरको पनि अन्वेषण गर्ने कौतुहलता हुने हुनाले यौन शिक्षाले उनीहरूको अबोधपनलाई प्रभावित पार्छ जसले गर्दा असामान्य परिस्थितिहरू सिर्जना हुनसक्छ।[७] काठमाडौंमा गरिएको एक अध्ययनका अनुसार एच.आइ.भी. तथा यौन स्वास्थ्य शिक्षासम्बन्धी विद्यार्थीहरूका आवश्यकता तथा अपेक्षाहरू विद्यालयहरूबाट पूर्ति हुँदैनन्।[८] प्रायः जसो शिक्षकहरूले यो विषय वा पाठ छोडिदिने र विद्यार्थीहरूलाई आफैं पढ्न भन्ने गरिएको वा केटा र केटीहरूलाई छुट्टाछुट्टै पढाउने गरिएको वा केटीहरूको मात्र बिदा भएको समयमा केटाहरूलाई पढाउने गरिएको पाइएको छ।

यसले जीवनोपयोगी सीपमा आधारित यस्ता विषयहरूमा प्रवचन दिनसक्ने शिक्षकहरूको गुणस्तर तथा क्षमता माथि नै गम्भीर प्रश्न खडा गर्छ। अनुगमन संयन्त्र विद्यमान छ जसले सरकारी स्रोत व्यक्तिहरूलाई विद्यालयको शिक्षण क्षमता तथा हाजिरीको सघन मूल्याङ्कन गर्नका लागि प्रत्येक विद्यालयमा पठाउने गर्दछ, तर बृहत् यौनिकता शिक्षा कक्षाहरूमा अध्यापन गराइएका सामग्रीहरूको गुणस्तर मापन गर्ने कुनै अनुगमन खाका विद्यमान छैन। गुणस्तरीय अध्यापन सुनिश्चित गर्नका लागि अनुगमन संयन्त्र अत्यन्त जरूरी छ। त्यसैगरी, शिक्षकहरूबारम्बार परिवर्तन हुने भएकाले र यो विषय जीवनोपयोगी सीपसँग प्रत्यक्ष सम्बन्धित भएको हुनाले निरन्तर रूपमा यस विषयमा पुनः तालिम आयोजना गरिराख्नु आवश्यक छ।

त्यसैगरी, हाल शिक्षक तालिमहरू नागरिक समाजका संस्थाहरूको पहलमा भइरहेका छन् जसले सम्पूर्ण शिक्षकहरूलाई तालिममा समेट्न सकिरहेको छैन। एकजना सहायक जिल्ला शिक्षा अधिकारीले बृहत् यौनिकता शिक्षासम्बन्धी आफूले न त कुनै औपाचरिक तालिम प्रदान गरेको न त कुनै यस्तो तालिमकोबारेमा आफूलाई थाहा भएको बताएका थिए।[९] संयुक्त राष्ट्र संघ जनसङ्ख्या कोषले राष्ट्रिय जनशक्ति विकास केन्द्र र सिसो नेपालको सहकार्यमा बृहत् यौनिकता शिक्षाको लागि शिक्षक तालिम सामग्री तयार पारेको हो। शिक्षक तालिम सामग्रीमा यौनिकता शिक्षा सम्बन्धी अन्तर्राष्ट्रिय प्राविधिक निर्देशिकाका ६ वटा अवधारणाहरू र शिक्षकहरूको लागि बृहत् यौनिकता शिक्षाको स्रोत सामग्री गरी पाँच दिने तालिम मोडयुल (आध्याय) समावेश छन।[१०]

साथै, शिक्षकहरूको प्रशिक्षण निर्देशिका तथा शिक्षकहरूका लागि सन्दर्भ सामग्रीहरू पनि सार्वजनिक विद्यालयका लागि तयार पारिएका छन् र यी सामग्रीहरू शैक्षिक प्रशिक्षण केन्द्रहरूमा समावेश गरिएका छन्।[११]

## आव्हान

बृहत् यौनिकता शिक्षाको प्रभावकारी अध्यापनका लागि शिक्षकहरूको तालिम महत्वपूर्ण हुन्छ । वास्तवमा, उमेर अनुकूल बृहत् यौनिकता शिक्षा अध्यापन गराउने शिक्षकको क्षमता विकास गर्नाले विद्यार्थीहरूको जीवनोपयोगी सीप विकासमा मद्दत पुग्ने प्रमाणित भएको छ । तसर्थ, हामी सबै तहमा सरकारले अपनत्व लिएका थप सबल शिक्षक तालिम कार्यक्रमहरूको महत्व माथि जोड दिन्छौं ।

# ३. विद्यालयभन्दा बाहिर रहेका प्रत्येक युवाहरुलाई उमेर-उपयुक्त बृहत् यौनिकता शिक्षा प्रदान गरिनुपर्ने

## अवस्था विश्लेषण

हाल सरकारी प्रयासहरू मुख्यतः विद्यालयमा रहेका बालबालिकाहरूलाई बृहत् यौनिकता शिक्षा प्रदान गर्नमा केन्द्रित छन । तथापि, अझ बढी जोखिममा रहने विद्यालयभन्दा बाहिर रहेका बालबालिकाहरूको समूह भने यस्ता प्रयासहरूको पहुँच बाहिर रहेका छ ।

शिक्षा मन्त्रालयले प्रकाशित गरेको संक्षिप्त प्रतिवेदन २०१२-२०१३ का अनुसार, कक्षा १ मा भर्ना भएका मध्ये केवल ६९.४ प्रतिशत विद्यार्थीहरू मात्र कक्षा ८ सम्म पुग्छन् । नेपाल जीवनस्तर सर्वेक्षण २०१०/११ का अनुसार, ६ वर्ष वा माथिका कहिल्यै पनि विद्यालय नगएको जनसंख्याको प्रतिशत अझै पनि ३४ प्रतिशत रहेको छ र यो समस्या ग्रामीण क्षेत्रमा मात्र सीमित छैन ।[१२]

विद्यालयभन्दा बाहिर रहेका बालबालिकाहरू प्रायः जसो बाल विवाह, किशोरावस्थामा नै गर्भवती हुने जोखिममा बढी हुने गर्दछन् भने यौन तथा प्रजनन् स्वास्थ्य सेवाको सीमित पहुँचको कारणले गर्दा जीवन जोखिममा पर्नसक्ने अवस्था उत्पन्न हुने सम्भावना बढी हुन्छ । उनीहरू दोहोरो समस्यामा हुन्छन्, एक त सीमित शिक्षाको अवसरले गर्दा उनीहरूले जीवनमा सीमित अवसरहरू मात्र पाइरहेका हुन्छन् भने बृहत् यौनिकता शिक्षासम्मको सीमित पहुँचले गर्दा जीवन, विवाह, बालबालिका, प्रजनन् तथा यौनिकतासम्बन्धी निर्णय गर्दा पनि उनीहरूले समस्याहरू भोगिरहेका हुन्छन् । विद्यालय छोडेका विद्यार्थीहरूलाई वैकल्पिक शिक्षा प्रदान गर्ने केही प्रयासहरू भएका छन् । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले चेलीबेटी शिक्षा कार्यक्रम सञ्चालन गरिरहेको छ र विद्यालय छोडेकाहरूलाई अल्पकालीन तथा दीर्घकालीन दुवै किसिमका पाठ्यक्रमहरू प्रदान गरिरहेको छ । बृहत् यौनिकता शिक्षाका सम्बन्धमा, लैङ्गिक समावेशिता तथा कार्यस्थलमा हुने हिंसा जस्ता विषयहरू यी पाठ्यक्रममा समावेश छन् । लैङ्गिक भूमिकाहरू तथा हिंसासम्बन्धी एउटा प्रारूप हाल कार्यान्वयन भइरहेको छ, जसलाई पाठ्यक्रमको क्रेडिट आवरमा समावेश गरिएको छैन । विद्यार्थीहरूलाई पढाउने शिक्षकहरूलाई

**विद्यालयभन्दा बाहिर रहेका बालबालिकाहरू प्रायः जसो बाल विवाह, किशोरावस्थामा नै गर्भवती हुने जोखिममा बढी हुने गर्दछन् भने यौन तथा प्रजनन् स्वास्थ्य सेवाको सीमित पहुँचको कारणले गर्दा जीवन जोखिममा पर्नसक्ने अवस्था उत्पन्न हुने सम्भावना बढी हुन्छ ।**

अभिमुखीकरण गरिएको छ ।[१३]

७५ जिल्लामा नै युवा मन्त्रालयको युवा सूचना केन्द्र तथा नागरिक समाजद्वारा आयोजित रोजगारीमुखी सीपमा आधारित तालिमहरू वैकल्पिक शिक्षा प्रदान गर्न भएका केही प्रयासहरू हुन् । जिल्ला शिक्षा कार्यालयले शैक्षिक वर्षको प्रारम्भमा विद्यार्थीहरूलाई विद्यालयमा भर्ना हुन प्रेरित गर्नका लागि घरदैलो कार्यक्रम आयोजना गर्ने गरेको छ ।

महिला तथा बालबालिका विभागसँगको सहकार्यमा संयुक्त राष्ट्रसंघको जनसंख्याकोषले नेपालका १९ जिल्लाहरूमा किशोरीहरूलाई संलग्न गराउने सामाजिक तथा वित्तीय सीप प्याकेज (रूपान्तरण) सञ्चालन गर्दै आएको छ जसले उनीहरूलाई लैङ्गिक समानता, मानव अधिकार, प्रजनन् स्वास्थ्य, लैङ्गिक हिंसा आदिकाबारेमा व्यवहारिक सीप तथा ज्ञान प्रदान गर्दछ ।[१४] अनौपचारिक शिक्षा केन्द्रले विद्यालय छोडेका १५ वर्ष वा सोभन्दा माथिकाहरूलाई साक्षारता अवसरहरू (४ महिनेकोर्ष) प्रदान गर्ने गरेको छ जसमा देशका सबै जिल्लाहरूमा स्थापना गरिएका सामुदायिक सिकाइ केन्द्रहरूका माध्यमबाट मुख्यतः महिलाहरू सहभागी हुने गरेका छन् । यद्यपि, यसमा बृहत् यौनिकता शिक्षासम्बन्धी सामान्य जानकारी मात्र प्रदान गर्ने गरिएको छ ।[१५] विद्यालयभन्दा बाहिर रहेको बालबालिकाहरूका लागि सिकाइका केही अवसरहरू उपलब्ध भएता पनि, अधिकांश प्रयासहरू विद्यालय जाने बालबालिकाहरूतर्फ केन्द्रित छन् । यी वैकल्पिक शिक्षाका प्रयासहरू विद्यालय भन्दा बाहिर रहेका बालबालिकाहरूलाई बृहत् यौनिकता शिक्षा प्रदान गर्ने अवसर हुनसक्छन् । तथापि, विद्यालय भन्दा बाहिर रहेका बालबालिकाहरूका लागि पाठ्यक्रम नभएको अवस्थामा उनीहरूलाई लक्षित गरेर पाठ्यक्रम विकास गर्नु उक्त बालबालिकाहरूको यौन तथा प्रजनन् स्वास्थ्य अधिकार सुनिश्चित गर्नका लागि पहिलो कदम हुनसक्छ ।

## मामिला अध्ययन

काठमाडौंकी १४ वर्षीया अर्चना दाहालले आफू ११ वर्षको उमेरमा पहिलोपटक रजस्वला भएको बताइन्, जुनबेला उनको कक्षामा महिनावारी शुरू हुने किशोरीमा उनी मात्रै थिइन् । उनले सानै उमेरमा आफ्नी आमा गुमाएकी हुनाले उनलाई यसबारेमाकोसँग कुरा गर्ने भन्ने थाहा थिएन । उनलाई आफ्ना बुबा तथा भाइसँग यस विषयमा कुरा गर्न लाज लाग्यो र आफ्ना सँगिनीहरूबाट पनि कुनै जानकारी पाउन सकिनन् किनभने उनीहरू पनि यस विषयमा उनीजस्तै अञ्जान थिए । उनीलाई महिनावारीको समयमा एकदम पेट बाउँडिने समस्या हुन्थ्यो तर यसबारे के गर्ने भनेर उनीलाई थाहा थिएन । दुई वर्ष पछि उनले विद्यालयमा सिकिन् कि हल्का कसरत वा तातो पानीको झोला (हट वाटर ब्याग)को प्रयोगले सजिलै उक्त दुखाइलाई कम गर्न सकिन्थ्यो । उनीलाई आफूले यो कुरा पहिले नै थाहा पाएको भए दुई वर्षसम्म त्यस्तो पीडा भोग्नु पर्दैनथ्यो भन्ने लाग्छ ।[१६]

**आव्हान**

सरकारले वैकल्पिक शिक्षालाई विद्यालय बाहिरका विद्यार्थीहरूलाई बृहत् यौनिकता शिक्षा प्रदान गर्ने अवसरका रूपमा परिचालन गर्नुपर्छ । विद्यालय भन्दा बाहिर रहेका बालबालिकाहरूलाई लक्षित गरिएको पाठ्यक्रम विकास गरी तुरून्त कार्यान्वयन गरिनुपर्दछ ।

मामिला अध्ययन

मुगुका २१ वर्षीय निर्मल जंग शाही (नाम परिवर्तन गरिएको)ले कक्षा ७ मा हुँदा विद्यालय छोडेका थिए । उनकी आमाले उनी ६ वर्षको हुँदा उनीहरूलाई छोडेर हिँडिन् । उनीहरूको परिवारमा तीन जना दाजुभाइ मात्र भएको र उनी सबैभन्दा जेठो भएको नाताले परिवारलाई हेर्ने जिम्मेवारी निर्मलको काँधमा आइपुग्यो । सानै उमेरमा परिवारको जिम्मेवारी लिन थालेको भएता पनि कर्णाली क्षेत्रका विद्यार्थीहरूलाई विद्यालय छोड्नबाट रोक्ने विशेष व्यवस्था भएको कारणले गर्दा निर्मलले कक्षा ७ सम्म पढ्न पाए । तर जब उनलाई कक्षा ८ मा बोर्ड परीक्षा दिनुपर्छ भन्ने थाहा भयो उनले पढ्न छोड्ने निर्णय गरे । त्यसको ३ वर्षपछि निर्मलको विवाह भयो र उनले श्रीमतीसँग यौन सम्बन्धकाबारेमा वा परिवार नियोजनकाबारेमा छलफल गर्न नसक्ने, परिवार नियोजनका विभिन्न विधिहरूबारे अज्ञानता, वा आफ्नी श्रीमतीले पनि आफूले जस्तै यौन आनन्दको चाहना गर्छिन् भन्ने कुराको अज्ञानता जस्ता समस्याहरूको सामना गर्नुपऱ्यो । उनलाई केही जानकारी चाहियो भने साथीहरूसँग माग्ने गर्दथे । अहिले उनको विवाह भएको ८ वर्ष भयो र उनले धेरै कुरा गरेर नै जाने । आफूले पहिले पाएको धेरैजसो जानकारी मिथ्या भएकोमा उनी हाँस्छन् । त्यसमाथि, कुनै पनि व्यवसायिक तालिम वा बृहत् यौनिकता शिक्षासम्बन्धी अन्य व्यवस्थाको अभावले गर्दा, निर्मलले अझै पनि सहि र पर्याप्त जानकारी पाउनका लागि संघर्ष गर्नुपर्ने अवस्था छ । [१७]

# सन्दर्भ सामग्री

[१] Simrin J. Which countries have the best sex education [Internet]. Seeker; 2015 May 13. Available from: https://www.seeker.com/ which-countries-have-the-best-sex-education-1792604688.html

[२] Right Here Right Now. Youth SRHR in Nepal: Scoping study the Strategic Partnership Right Here Right Now. RHRN; 2016

[३] IPPF. Overprotected and Underserved: The Influence of Law on Young People's access to sexual and reproductive health in Nepal. 2017.

[४] Educatenepal.com. (2018). CDC changes curriculum of 15 optional subjects of Grade IX, X. [online] Available at: http://www.educatenepal.com/news/mobile/cdc-changescurriculum-of-15-optional-subjects-of-grade-ix-x [Accessed 17 Apr. 2019].

[५] Nepal MU. Review of Curricula in the Context of Comprehensive Sexuality Education in Nepal 2016 [cited 2018]. Available from: http://nepal.unfpa.org/en/publications/review-curricula-context-comprehensive-sexuality-education-nepal? page=0%2C0%2C4.

[६] UNFPA Nepal. Statement of the Government of Nepal at the Nairobi Summit on ICPD25. 2019. available from: https://nepal.unfpa.org/en/news/statement-government-nepal-nairobi-summit-icpd25

[७] Ghimire A. Sex education [Internet]. The Himalayan Times; 2018 Jun 6. Available from: https://thehimalayantimes.com/ opinion/sex-education-2/.

[८] Shrestha RM, Otsuka K, Poudel KC, Yasuoka J, Lamichhane M, Jimba M. Better learning in schools to improve attitudes toward abstinence and intentions for safer sex among adolescents in urban Nepal. BMC Public Health. 2013;13(1):244.

[९] Interview conducted with Vice District Education Officer, February 27, 2018.

[१०] UNFPA Nepal. Comprehensive Sexuality Education: Teachers' Resource Material. 2018. Available from: https://nepal.unfpa.org/sites/default/files/pub-pdf/Reference%20Material.pdf)

[११] Nepal UNFPA. Fact Sheet: Comprehensive Sexuality Education in Nepal 2016 [02/19/2018]. Available from: http:// nepal.unfpa.org/en/publications/fact-sheet-comprehensive-sexuality-education-nepal.

[१२] Pun W. School drop-out rate in Nepal 'staggering'. Kathmandu: The Himalayan Times; 2014 Jan 30. Available from: http:// kathmandupost.ekantipur.com/printedition/news/2014-01-29/school-drop-out-rate-in-nepal-staggering-258675.html.

[१३] Khanal S, GESI unit coordinator, CTEVT, 2018 Mar 23

[१४] MoYS M, UNFPA & UNICEF.Social and Financial Skills Package - Rupantaran 2014. Available from: http://nepal.unfpa.org/ en/publications/social-and-financial-skills-package-rupantaran-1-4.

[१५] Ghimire D, Inoformation Officer, NFEC, 2018 May 08

[१६] Visible Impact. First Period Stories Series during School based Menstrual Health Management (MHM workshops. 2017

[१७] Visible Impact. A Research on Experiences of out of school children regarding Comprehensive Sexuality Education 2018.